## वैठक संख्याः०१

आज मिति २०८३ साल साउन २२ गते शुक्रबारका दिन यस नासों गाउँपालिकाका पालिका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँकार्यपालिकाको नियमित वैठक बसि तपसिलका निर्णय गरियो ।

**उपस्थितिहरुः-**

| क्र.नं | जनप्रतिनिधिको नाम, थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नासों गा.पा. | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नासों गा.पा. | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | वडा नं.-१ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | वडा नं.-२ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | वडा नं.-३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | वडा नं.-४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | वडा नं.-५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-७ | |
| १० | याद घले | वडा अध्यक्ष | वडा नं.-८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | वडा नं.-९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | नासों गा.पा. | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १८ | अनुप पौडेल | सदस्य सचिव | नासों गा.पा. | |
| आमन्त्रितः- | | | | |
| १ | गोविन्द बहादुर रानाभाट | ब.प्रशासकीय अधिकृत | नासों गा.पा. | |
| २ | चित्र बहादुर पौडेल | लेखा अधिकृत | नासों गा.पा. | |
| ३ | शुशिल थापा | ब.प्र.स. | नासों गा.पा. | |

**निर्णय नं.१**

यस पूर्व गाउँकार्यपालिकाको बैठकबाट भएको निर्णयको पुनरावलोकन सम्बन्धमा आवश्यक छलफल गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेको र बाँकी निर्णयहरु पनि कार्यान्वयनको चरणमा रहेको व्यहोरा बैठकमा अवगत भयो ।

**निर्णय नं.२**

मिति २०८२/१०/२८ को गाँउकार्यपालिकाको निर्णय बमोजिम यस गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय भवन रहेको जग्गा भोगाधिकार तथा लिजमा लिने प्रक्रिया अगाडि बढाउन कार्यालयको च.नं ६८३ मिति २०८२/११/१३ को पत्र मार्फत आवस्यक सहजिकरणका लागि श्री भूमी व्यवस्था,सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी पठाइएको थियो सो सम्बन्धमा सम्मानित मन्त्रालय (स्थानीय समन्वय शाखा) को च.नं ३२३ मिति २०८२/१२/१५ को पत्रबाट बुँदागत रुपमा जग्गा उपयोगको प्रयोजन खुलाई जग्गाको क्षेत्रफल कित्ता नं अवस्थिति उल्लेख भएको कार्यपालिकाको निर्णय प्रति, जग्गा धनी प्रमाणपत्रको छायाँप्रति र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहितको सिफारीसको छाँयाप्रति माग भइ आएकोमा मालपोत कार्यालय,चाबे,मनाङबाट प्राप्त जग्गाधनी प्रमाणपत्रको छायाँप्रति, जिल्ला विपद व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी सहित यसै गाँउपालिकाको वडा नं ३ मा रहेको कित्ता नं १८३ को क्षेत्रफल ४२-८-१-३(रोपनी) सरकारी जग्गा प्रशासनिक कार्य सञ्चालन गर्नका लागि पालिकाको नाममा अन्यत्र जग्गा नरहेको र प्रशासनिक भवन बनी सेवा प्रवाह समेत भइरहेकाले उपयोगको प्रयोजनमा **सेवा प्रवाह र दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न** सरकारी जग्गा बाँडफाँड, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ बमोजिम ५ रोपनी जग्गा उपयोग गर्न यस पूर्व विभिन्न मितिमा भएको यस गाउँकार्यपालिकाको निर्णयसहित आवस्यक प्रक्रिया अगाडि बढाई सहजीकरणका लागि भूमी व्यवस्था,सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,काठमाडौँलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस नार्सो गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८३/०४/२१ गते बसेको बैठकको निर्णयानुसार नार्सो गाउँपालिका वडा नं-८, ताचै, स्थायी निवासी मिंग घलेको नाति पूर्ण घलेको छोरा श्री होमराज घलेको नयाँ घर मिति २०८३/०४/६ गते राति ३.३० बजे अकस्मात आगलागी भई पूर्ण रुपमा क्षतिग्रस्त हुन गएका कारण वाडै सर्जमिन मुचुल्का सहित नियमानुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सम्बन्धित वडाको च.नं.१३ मिति २०८३/०४/०८ को पत्रसाथ सिफरिस भई आएको सन्दर्भमा गाउँपालिका अध्यक्षज्यूको नेतृत्वमा गाउँपालिकाको तर्फबाट स्थलगत रुपमा निरीक्षण गर्दा उक्त घर आगलागीबाट पूर्ण रुपमा क्षति भएको तथा वडा सर्जमिन सहितको सिफारिसक व्यहोरा मनासिब देखिएकोले आगलागीबाट भएको क्षतिप्रति दुख व्यक्त गर्दै गाउँपालिकाको नियमानुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराईदिने भनी सिफारिस भई आएको सन्दर्भमा यस नार्सो गाउँपालिकाको विपद व्यवस्थापन ऐन,२०८० मा भएको व्यवस्था समेतलाई मनन गरि आर्थिक सहयोग वितरण कार्यविधि,२०७८ बमोजिम क्षतिको प्रकृतिको आधारमा पूर्ण क्षति, आंशिक क्षति (उच्च जोखिम) र आंशिक क्षति (न्यून जोखिम) तीन प्रकारमा वर्गीकरण गरि आर्थिक सहयोग निर्धारण गरिएकोले माथि उल्लेखित क्षति पूर्ण क्षतिको प्रकारमा पर्ने भएकोले जोखिम

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

CamScanner

बमोजिमको रु.१,००,०००/-(अक्षरुपी एक लाख रुपैंया मात्र) गाउँपालिकाको स्थानीय प्रकोप व्यवस्थापन कोषबाट क्षतिपूर्ति एवं राहतको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं-४**

जिल्ला समन्वय समितिको कार्यालय,चामे,मनाङको मिति २०८३/०४/०४ च.नं.५ को पत्रसाथ प्राप्त अध्ययन समितिको वैठकको निर्णय नं-२ तथा गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्द,२०८३ को दफा ६(क) र नासों गाउँपालिका वडा नं-८ को च.नं.१५ मिति २०८३/०४/२१ को सिमाना संशोधनको प्रस्ताव सम्बन्धमा छलफल गर्दा यस नासों गाउँपालिका वडा नं-८ मा रहेको सिमाना हेरफेरको सम्बन्धमा नियमानुसार हेरफेरका लागि अध्ययन गरिदिनु हुन जिल्ला समन्वय समिति,चामे,मनाङलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष